जिल्ला र वीरगञ्जसम्मका आफ्ना आफ्ना मातहतका अड्डाखानालाई आदेश गराउन सबै मन्त्रालयहरूलाई आदेश लेखी गएकोले यो सूचना प्रकाश गरिदिएको छ।

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी — अर्थमन्त्रालय.

# अर्थमन्त्रालयको सूचना

## चुरोटको महसूल

चुरोटमा पैठारी महसूल देहायबमोजिम लिने मन्त्रिमण्डलबाट निर्णय भई आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला।

(१) भारतको पैठारी महसूल फिर्ता हुने गरी पैठारी गरिएका समुद्रपार मुलुकको चुरोटमा बी. फारामबमोजिम महसूल लिने।

(२) भारतमा तयार भएको र भारतको अन्तःशुल्क फिर्ता दिने गरी पैठारी गरिएका चुरोटमा भारतको अन्तःशुल्कजति लिने।

(३) भारतमा तयार भएको, तर भारतको अन्तःशुल्क फिर्ता नहुने गरी पैठारी गरिएको चुरोटमा।—

(१) एक हजारको मोल कं.रु १० सम्म पर्ने हजार गोटाके कं.रु— २

(२) एक हजारको मोल कं.रु १० भन्दा बढी २० सम्म पर्ने हजार गोटाके कं.रु — — — — — ३

(३) एक हजारको मोल कं.रु २० भन्दा बढी ३० सम्म पर्ने हजार गोटाके कं.रु — — — — ५

(४) एक हजारको मोल कं.रु ३० भन्दा बढी ४० सम्म पर्ने हजार गोटाके कं.रु — — — — ७

(५) एक हजारको मोल कं.रु ४० भन्दा बढी ५० सम्म पर्ने हजार गोटाके कं.रु — — — — ९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र